# स्थानीय बीउ बैंक कार्यक्रम सञ्चालन सम्बन्धी प्रक्रिया, २०७९

१. **कार्यक्रमको उद्देश्यः** गाउँपालिका भित्रका स्थानीय बीउ बिजनहरुको संरक्षण गरी लोप हुन नदिने ।

२. **कार्यान्वयन विधिः** पुरुषोदय मा.वि सँग सम्झौता गरी कृषि प्राविधिक शिक्षा अन्तरगतका विद्यार्थीहरुको सहभागितामा कार्यान्वयन गर्ने ।

३. **कार्यक्रम कार्यान्वयन प्रक्रियाः**

कार्यान्वयन गर्ने विद्यालयले देहाय बमोजिम गर्नु पर्नेछः

- गाउँपालिका भित्रका स्थानीय रैथाने बीउ बिजनहरु जस्तैः भाँगो, फलफुल, तरकारी, अन्नबाली, जडिबुटी लगायतका बीउ संकल गर्ने,
- नर्सरी बनाइ सिजन अनुसार बिउ उत्पादन गर्ने र उत्पादित बीउ मध्य केही आफै रोप्ने र केही स्थानीय बासिन्दाहरुलाई निशुल्क वितरण गरी रोप्न प्रोत्साहन गर्ने,
- बीउहरु सुरक्षित तवरले स्टोर गरेर राख्ने र सिजन बमोजिम कृषकहरुलाई निशुल्क वितरण गरी रोप्न लगाउने,
- कार्यक्रम प्रस्तावना बनाइ (कृषि शाखा समेतको सहभागितामा) स्वीकृत गर्नु पर्ने,
- स्थानीय बीउ बिजनहरु खरिद गर्नुपर्ने भएमा अनिवार्य रुपमा बिल भरपाइ पेश गर्ने ।

४. **बिक्री गर्न सकिनेः** यस कार्यक्रम अन्तरगतबाट उत्पादित बीउ बिजनहरुलाई सम्बन्धित विद्यालयको व्यवस्थापन समितिले मूल्य निर्धारण गरी बिक्री वितरण गर्न सक्नेछ र यसरी आम्दानी भएको रकम विद्यालयको खातामा जम्मा गर्नु पर्नेछ ।

५. **अन्य प्रयोजनमा रकम खर्च गर्न नपाइनेः** यस कार्यक्रम कार्यान्वयन गर्न उपलब्ध गराइएको रकम वा बीउ बिजन बिक्री गरी प्राप्त गरिएको रकम यसै कार्यक्रमको कार्यान्वयन गर्न बाहेक अन्य प्रयोजनका लागि खर्च गर्न पाइने छैन ।

६. **अनुगमन सम्बन्धी व्यवस्थाः** कार्यक्रम कार्यान्वयनको अवधिमा जुनसुकै समयमा सम्बन्धित वडा, कृषि शाखा वा गाउँपालिका स्तरबाट अनुगमन गर्न सकिनेछ ।

७. **भुक्तानी सम्बन्धी व्यवस्थाः** नियमानुसार पेश्की लिगि फछ्यौंट गर्न सकिने वा सम्झौतानुसार कार्य सम्पन्न गरी सम्बन्धित वडाको सिफारिस, विद्यालयको निवेदन, बिल भरपाई, कार्यक्रम सम्बन्धी तस्बिरहरु लगायत नियमानुसार आवश्यक अन्य कागजातहरु पेश गर्नु पर्नेछ ।